# नमोबुद्ध नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

(नगर कार्यपालिकाबाट मिति २०८१/१२/२७ मा स्वीकृत)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२७

**नमोबुद्ध नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# नमोबुद्ध नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८१

स्वीकृतः मिति २०८१/१२/२७

प्रस्तावनाः नमोबुद्ध नगरपालिकाबाट गर्नुपर्ने आर्थिक सहायता वितरण कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शि बनाउने सम्बन्धमा कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) र उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले नमोबुद्ध नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम नमोबुद्ध नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा र व्याख्याः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले नमोबुद्ध नगरपालिका सम्झनुपर्दछ।

(ख) "नगर कार्यपालिका" भन्नाले नमोबुद्ध नगर कार्यपालिका सम्झनुपर्दछ।

(ग) "प्रमुख" भन्नाले यस नगर कार्यपालिकाको नगरपालिका नगर प्रमुख सम्झनुपर्दछ।

(घ) "उप-प्रमुख" भन्नाले यस नगर कार्यपालिकाको नगरपालिका नगर उप-प्रमुख सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(च) "आर्थिक सहायता" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्दछ।

(छ) "वडा समिति" भन्नाले नगर कार्यपालिकाको वडा समिति सम्झनुपर्दछ।

(ज) "सभा" भन्नाले यस नगरपालिकाको नगरसभा सम्झनुपर्दछ।

३. आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरुः यस नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा संभाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन्।

(क) आर्थिक रुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समूह,

(ख) मानवीय हित, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनी पहिचान भएका व्यक्ति वा समूह,

(ग) नगरपालिका क्षेत्र भित्रका विपन्न नागरिकको कल्याण, विकास वा उन्नतिको लागि गैह्र नाफा मूलक किसिमले सञ्चालन गरिने सामाजिक क्रियाकलापहरुमा संलग्न सामुदायिक समूह, संघ, संगठनहरु,

(घ) उपयुक्त आधारहरुलाई समेत मध्यनजर गर्दै आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनी नगर कार्यपालिकाको बैठकबाट निर्णय गरिए बमोजिमका लक्षित व्यक्ति, वर्ग वा गैह्र नाफा मूलक सामुदायिक समूह, संघ संस्थाहरु,

(ङ) विभिन्न दिर्घरोग लागेर उपचार गर्न नसकेको व्यक्तिहरुलाई,

(च) नेपाल सरकारले परिभाषित गरे बमोजिम कडा रोग लागि उपचार गराइ रहेको व्यक्ति, ठुला रोगहरु क्यान्सर, मृगौला, मुटु सम्बन्धी बिरामीलाई,

(छ) जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला, सुकुम्बासी लगायत लक्षित वर्गलाई।

४. आर्थिक सहायता वितरण प्रकृयाः (१) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग, समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछः

(क) रकम रु.५०,००० (अक्षेरुपी पचास हजार रुपैंया) सम्मको आर्थिक सहायता नगरपालिकाको प्रमुखले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउन सक्नेछ।

(ख) रकम रु.५०,००० (अक्षेरुपी पचास हजार रुपैंया) भन्दा माथिको हकमा आर्थिक सहायता नगर कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ।

(ग) स्वास्थ्य सम्बन्धीः देहायमा उल्लेखित प्रकतिका लक्षित समूहलाई नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिमको दरमा आर्थिक सहायता उपलब्ध गराउनेछ।

| क्र.सं. | लक्षित समूह | आर्थिक सहायता वापतको रकमको सिमा |
|---|---|---|
| १. | नेपाल सरकारले परिभाषित गरे बमिजमका कडा रोग लागि उपचार गराई रहेका व्यक्ति र अति विपन्न परिवारको व्यक्तिलाई दीर्घरोग लागेको देहाय बमोजिमको अवस्था पुरा भएको व्यक्तिः<br>क) सरकारी, निजी क्षेत्र तथा अन्य संगठित तलब, सेवा, सुविधा नलिएको परिवार,<br>ख) सामाजिक सुरक्षा भत्ता नलिएको परिवार,<br>ग) वैदेशिक रोजगारीमा संलग्न नभएको परिवार,<br>घ) पेशा, व्यवसाय सञ्चालन नभएको परिवार | १५,०००।- |
| २. | अति विपन्न व्यक्ति | ५००० |
| ३. | संरक्षक नभएको व्यक्ति | ५००० |

५. प्रतिवेदन पेश गर्नुपर्नेः (१) यस नगर कार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनुपर्नेछ र लक्षित समूहको बिबरण सहितको अभिलेख राखु पर्नेछ।

(२) उक्त प्रतिवेदनमा आवश्यक ठहरिएमा नगर कार्यपालिकाले वितरित आर्थिक सहायताको सदुपयोग भए नभएको सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन समेत राख्न आवश्यक निर्देश गर्न सक्नेछ।

६. आर्थिक सहायता वितरणका पूर्वशर्तः यस कार्यविधी बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ति तथा सामुदायिकसंस्था, संघ वा संगठनको लागि देहायको पर्वशर्त पूरा गरेको हुनुपर्नेछः

(क) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा भै नगरपालिकाको पेश्की बेरुजु नभएको,

(ख) नगरपालिकालाई नियमानुसार तिर्नु पर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

(ग) संगठित संस्थाको हकमा कर चुक्ता प्रमाण पत्र प्राप्त गरेको,

(घ) नेपाल सरकारको कुनै निकायमा विधि पूर्वक दर्ता भएको वा नगरपालिका भित्र स्थापना भएको संगठित संघसंस्था वा समूहको हकमा नियमानुसार यस नगरपालिकामा दर्ता भएको,

(ङ) वार्षिक लेखापरीक्षणको व्यवस्था भै आधिकारिक निकायबाट सो अनुसार लेखापरीक्षण गरेको।

७. प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्नेः यस नगरपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजात नगर कार्यपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नुपर्नेछ।

८. स्थलगत अनुगमन समितिः यस नगरपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाँउकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगर कार्यपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) आर्थिक सहायता प्रदान गरिएको विषयसँग सम्बन्धित क्षेत्र हेर्ने संयोजक- सदस्य

(ग) प्रशासन शाखाको प्रमुख - सदस्य

(घ) आर्थिक प्रशासन शाखाका प्रमुख - सदस्य

(ङ) ईन्जिनियर वा सब ईन्जिनियर मध्येबाट १ जना - सदस्य

९. विवरण सार्वजनिक गर्नुपर्नेः नगरपालिकाबाट आर्थिक सहायता पाएका लक्षित समूहको नाम र आर्थिक सहायता वापत उपलब्ध गराइएको रकम सहितको बिवरण नगरकार्यपालिकाको कार्यालयले चौमासिक रुपमा सार्वजनिक सुचना र कार्यालयको Website को माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

१०. झुठ्ठा विवरण पेश गर्न नहुनेः लक्षित समूहको नामबाट झुठ्ठा विवरण पेश गरेको व्यहोरा पुष्ट्याई भएमा यो कार्यविधि बमोजिमको आर्थिक सहायता दिइने छैन र आर्थिक सहायता वापतको रकम भुक्तानी लिइ सकेको रहेछ भने प्रचलित कानून बमोजिम कारवाही गरी सो रकम असुल उपर गरिनेछ।

११. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः यसअघि यस नगरपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१२. कार्यविधिको व्याख्या संशोधन तथा अनुसूची थपघटः यस कार्यविधीको आवश्यक व्याख्या, संशोधनतथा अनुसूची थपघट नगर कार्यपालिकाले गर्नेछ।

## अनुसूची-१ (व्यक्तिको हकमा)

(बुँदा नं.४.१ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
नमोबुद्ध नगर कार्यपालिकाको कार्यालय,
बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक।

महोदय,

विषयः आर्थिक सहायता उपलब्ध गराई पाऊँ।

मितिः

प्रस्तुत विषयमा...................... स्थायी ठेगाना भएको मलाई.............................. गर्नुपर्ने भएकोले सो कालागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले.....................का लागि रु...................... (अक्षरुपी रु..................)उपलब्ध गराइ दिनुहुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। साथै मेरो यस नगरपालिकासँग सम्बन्धित तिर्नु बझाउनु वा फछ्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाह, सजायवा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ।

भवदीय

दस्तखतः
नाम, थरः
स्थायी ठेगानाः
सम्पर्क मो.नं.

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान
२. संगठित संस्थाको हकमादर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र।

## अनुसूची-१ क

संगठित संस्थाको हकमा

(बुँदा नं.४.१ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
नमोबुद्ध नगर कार्यपालिकाको कार्यालय,
बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा.......................... ठेगाना रहेको.................. संस्था/समूह/संघलाई......................... गर्नुपर्ने भएकोले संस्था समूह संघ/प्रदेश/अन्य निकायबाट विनियोजित रकम अपुगभएकोले सो प्रयोजनका लागि रु................ (अक्षरुपी रु.............) उपलब्ध गराइदिनु हुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ। यस संस्थाको यस नगरपालिकासँग सम्बन्धित तिर्नु बझाउनु वा फछ्यौट गर्नुपर्ने कर, महशुल, बक्यौतावा पेश्की बेरुजु बाँकी नरहेको, नियमानुसार नगरपालिकाको कार्यालय वा प्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमा दर्ता भएको अवगत गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गरिने व्यहोरा समेत अनुरोध छ।

संगठित संस्थाको तर्फबाट

अध्यक्ष वा प्रमुखको नाम, थरः

संस्थाको ठेगानाः

सम्पर्क नम्बरः

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान,

२.संगठित संस्थाको हकमादर्ता तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,

३.सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र।

## अनुसूची २

(बुँदा नं. ५सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

| क्र.सं. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम, थर | ठेगाना | सम्पर्क नम्बर | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको प्रमुख व्यक्ति र सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |